# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) वीरेन्द्रनगर, सुर्खेत भाद्र ०८ गते, २०७९ साल (संख्या ११

## भाग-३

## कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७९/०४/२५ गतेको बैठकको निर्णयानुसार "विधेयकको मस्यौदा तर्जुमाका लागि कर्णाली प्रदेश सरकारबाट लिनुपर्ने सैद्धान्तिक स्वीकृतिको अवधारणापत्रको ढाँचा" स्वीकृत भएकोले यो सूचना प्रकाशन गरिएको छ।

# कर्णाली प्रदेश सरकार

# ............... मन्त्रालय,

# वीरेन्द्रनगर, सुर्खेत

## विधेयकको मस्यौदा तर्जुमाका लागि कर्णाली प्रदेश सरकारबाट लिनुपर्ने सैद्धान्तिक स्वीकृतिको अवधारणापत्रको ढाँचा।

१. पृष्ठभूमिः

२. नयाँ ऐन बनाउनु पर्ने आवश्यकताः-

(क)संबैधानिक कारण,

(ख)अदालतको फैसला,

(ग) सरकारको नीति तथा कार्यक्रम,

(घ) अन्य कुनै कारण।

३. नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धिः-

(क)अपेक्षित उपलब्धि,

(ख)प्रदेश सरकारको नीति तथा आवधिक योजनाको उद्देश्य पूरा गर्न खेल्ने भूमिका।

४. प्रस्तावित विषयमा मौजुदा कानून भए सोको विवरणः-

(क)मौजुदा कानूनको नाम,

(ख)मौजुदा कानूनले संवोधन गर्न नसकेको विषय।

५. मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सोको कारणः-

(क)मौजुदा कानूनको कुन दफा, खण्ड वा उपखण्ड बाधक भएको हो, सोको विवरण,

(ख) संवैधानिक तथा कानूनी जटिलता भए सोको विवरण,

(ग) अदालतको आदेश अन्तर्गत नमिल्ने भए सोको विवरण।

६. प्रस्तावित बिषयमा सरकारले कुनै बिशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधिबाट तर्जुमा भएको हो सोको विवरणः-

(क) तार्किक पद्धतिः संवैधानिक विषयहरु उल्लेख गर्ने,

(ख) बढोत्तरी पद्धतिः थप भएका विषयहरु उल्लेख गर्ने,

(ग) मिश्रित पद्धतिः

७. नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारीः-

८. प्रस्तुत विषयमा अन्य प्रदेशमा कुनै कानून बनेको वा नेपाल सरकारले नमूना कानून बनाएको भए कानूनको संक्षिप्त विवरणः-

९. प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोराः-

(क) अध्ययन अनुसन्धान गर्ने निकाय,

(ख) दिएको सुझावको संक्षिप्त विवरण,

(ग) प्रदेशको हकमा सुझाव कार्यान्वयन गर्न सम्भव छ वा छैन,

(घ) सुझाव कार्यान्वयन गर्न चाल्नुपर्ने कदम।

१०. प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभारः-

(क) अनुमानित बार्षिक आर्थिक व्ययभार,

(ख) आर्थिक व्ययभार व्यहोर्ने अनुमानित संस्था वा निकाय,

(ग) कुनै निकायबाट सहयोग गर्ने प्रतिवद्धता भएको भए सोको विवरण।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**११.** प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्नेः-

(क)संरचनाको प्रकार,

(ख)आवश्यक पर्ने कर्मचारी संख्या,

**१२.** प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएकोः-

(क)परामर्श लिनुपर्ने निकाय,

(ख)परामर्श लिनुको कारण,

(ग) परामर्श बाट प्राप्त सुझाव सहितको पत्र समावेश भएको वा नभएको,

(घ) सुझाव कार्यान्वयन गर्न आवश्यक भए वा नभएको।

**१३.** प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरुः-

निर्णय भएको मितिः २०७९/०४/२५

**आज्ञाले,**

दिनेश सागर भुसाल

प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**